# नेवार समुदायमा संविधान निर्माणसम्बन्धी बहस : *सन्ध्याटाइम्स*को कभरेज

बसन्त महर्जन

## परिचय

नेवार समुदायले बोल्ने भाषा नेपालभाषाको पत्रकारिताको इतिहास जातीय आन्दोलनसँगै जोडिएको छ। सन् १९०५ मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरद्वारा 'अब उप्रान्त नेपालभाषाबाट लेखिएका कागजातहरूले सरकारी मान्यता नपाउने' भनी इस्तिहार जारी गरेका थिए (हृदय ने.सं. ११०२ : ७)।[१] राजभाषा वा देशभाषाका रूपमा प्रललित भइसकेको नेपालभाषालाई बहिष्कृत गरेपछि त्यसको प्रतिक्रियास्वरूप पण्डित निष्ठानन्द बज्राचार्यबाट चार वर्षपछि *एकविंसशति प्रज्ञापारमिता* र नौ वर्षपछि *ललितविस्तर* नामक बौद्ध धार्मिक ग्रन्थ प्रकाशित भए (हृदय ११०२ : २९-३०)। यसैलाई नेवार आन्दोलनको बीजारोपण भन्न सकिन्छ।[२] पछि धर्मादित्य धर्माचार्यको सम्पादकत्व एवं प्रकाशकत्वमा

---

१ राजा यक्ष मल्ललगायत अन्य राजाहरूद्वारा प्रसारित अभिलेखको सुरु अंश संस्कृत भाषामा र 'अथ देशभाषा' अथवा 'अथ राजभाषा' भनी त्यसपछिका अंश नेपालभाषामा पाइएका कारण तत्कालीन समयमा नेपालभाषा राजभाषा वा देशभाषाका रूपमा प्रचलित थियो भन्न सकिन्छ।

२ मैले आफ्नो विद्यावारिधिका लागि चालू शोधकार्यमा पुस्तक मुद्रण वा प्रकाशन भएको यस घटनालाई नेवार आन्दोलनको सुरुआतका रूपमा लिएको छु। नेपालभाषा-साहित्यमा पनि यसै सन्दर्भलाई नै पुनर्जागरण कालको प्रारम्भबिन्दु मानिएको छ।

*मिडिया अध्ययन* ६ : १९९-२१५ २०६८

कलकत्ताबाट *बुद्धधर्म व नेपालभाषा* (सन् १९२५-१९३०) नामक म्यागेजिन निस्कन थाल्यो (लाकौल ने.सं. १०९२) । उक्त पत्रिकाको प्रकाशन बन्द भएपछि कलकत्ताबाटै प्रकाशन हुने हिन्दी मासिक *धर्मदूत*ले केही पृष्ठ छुट्टयाएर नेपाल भाषाका सामग्रीहरू पनि प्रकाशन गर्ने गर्दथ्यो । ने.सं. १०६७ मा नेपालभाषामा *धर्मोदय* मासिकको प्रकाशनपछि *धर्मदूत*मा नेपालभाषाका सामग्री छाप्न बन्द गरिएको थियो । नेवार समुदायमा लक्षित तथा बुद्धधर्मसँग सम्बन्धित यी म्यागेजिनहरू नेवार समुदायको जातीय आन्दोलनसँग पनि सम्बन्धित थिए ।

नेपालमा २०४६ सालको जनआन्दोलनभन्दा पहिल्यैदेखि विभिन्न जनजाति र अछुत भनिएका समुदायबाट आफ्नै भाषा वा नेपाली भाषामै भए पनि आफ्नो समुदायलाई लक्षित गरेर पत्रपत्रिका निकाल्ने चलन सुरु भएको हो । २०४७ को संविधानले पत्रपत्रिका प्रकाशनका सन्दर्भमा संवैधानिक प्रत्याभूति गरेपछि पत्रपत्रिका प्रकाशनमा व्यापकता आएको देखिन्छ । मूलधारका मिडियाले आफ्नो समुदायको आवाजलाई उचित ठाउँ नदिएपछि आफ्नो भाषा, संस्कृति तथा सवाललाई अगाडि ल्याउन विभिन्न समुदायबाट पत्रिका प्रकाशन गर्न सुरु गरियो ।[३] यसरी पत्रपत्रिकाका माध्यमबाट आफ्ना मुद्दा वा मागलाई सार्वजनिक र विस्तारित गरिँदै आइएको दाबी गरिएको छ । यस्ता प्रकाशनले ती समुदायको माग, चाहना र आन्दोलनलाई कुनै न कुनै रूपबाट सघाएका पनि छन् । यसै सन्दर्भमा नेवार समुदायलाई लक्षित गरी काठमाडौँ उपत्यकाबाट नेपालभाषामा पनि थुप्रै पत्रपत्रिकाहरू प्रकाशन भइरहेका छन् ।

नेपालभाषामा प्रकाशित पहिलो दैनिक *नेपालभाषा पत्रिका* (नेपाल संवत् १०७५/वि.सं. २०१३) हो ।[४] लामो समयपछि *विश्वभूमि* (ने.सं. ११०९), *न्हूगु विश्वभूमि* (ने.सं. १११२), *सन्ध्याटाइम्स* (ने.सं. १११६), *नेवाः पोष्ट* (ने.सं. ११२२), *यँ नेवाः पोष्ट* (ने.सं. ११२३) र *झीगु स्वनिगः* (ने.सं. ११३०) प्रकाशन भए; यी सबै दैनिक थिए ।[५] तर यो अध्ययन समयमा दैनिक रूपमा *सन्ध्याटाइम्स* र *झीगु*

---

[३] मार्टिन चौतारीमा २०६७ मङ्सिर २ मा जनजाति म्यागेजिनबारे र २०६७ पुस १ मा दलित म्यागेजिनबारे छलफल हुँदा पत्रिकामा प्रत्यक्ष-परोक्ष रूपमा संलग्न सबैजसो सहभागीहरूको धारणा यस्तै थियो । थारू पत्रपत्रिकाबारे अनुसन्धान गरेका कृष्णराज सर्वाहारीले पनि उक्त समुदाय वा भाषाभाषी लक्षित पत्रपत्रिकाको उद्देश्यबारे यस्तै तथ्य प्रस्तुत गरेका छन् (हेर्नुहोस् सर्वहारी २०६४) ।

[४] नेपाल संवत् (ने.सं.) वि.सं. भन्दा ९३७ वर्षजति पछि सुरु भएको हो । यद्यपि ने.सं. को नयाँ वर्ष वि.सं. को कात्तिक महिनातिर पर्ने भएकाले ने.सं. को मिति वि.सं. मा रूपान्तरित हुँदा एक वर्षजति तल-माथि पर्न सक्छ ।

[५] २०६२/६३ को राजनीतिक परिवर्तनपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भई निस्कन थालको *झिगु स्वनिगः* साप्ताहिकबाट सुरु भई पछि दैनिक भएको हो ।

*स्वनिगः* बाहेक अरू कुनै पत्रिका छापिदैनन् । एनेकपा (माओवादी) निकट रहेर प्रकाशन हुँदै आएको *झीगु स्वनिगः* बिहानको समयमा निस्कन्छ भने *सन्ध्याटाइम्स* सुरुदेखि नै बेलुकातिर छापिन्छ । यी दैनिकबाहेक साप्ताहिक, पाक्षिक र मासिक रूपमा पनि केही पत्रिकाहरू निस्केका छन् । तीमध्ये धेरै पत्रिकाहरू एक वर्ष पनि नटिकेर बन्द भएका छन् । साप्ताहिकहरू *इनाप* (ने.सं. ११०३), *राजमति* (ने.सं. ११०३), *स्वनिगः* (ने.सं. १११९), *हेटौंडा वाःपौ* (ने.सं. १११९) र लकस (ने.सं. ११२१) अलि समय चलेर बन्द भएका थिए । यस्तै, *देशय्मरु भ्याः* (ने.सं. १११४) र *अप्सरा*[६] (ने.सं. ११२०) निरन्तर छापिइरहेका छन् । नेपालभाषा र त्यसको नेपाली अनुवादसमेत प्रकाशित हुने द्वैभाषिक पाक्षिक *लायकू* (ने.सं. ११२३) मा सङ्घसंस्थाका औपचारिक कार्यक्रम तथा भाषा-साहित्यका विषयवस्तु बढी छापिन्छन् । अर्को पाक्षिक *पेज थ्री* (ने.सं. ११२६) नयाँ पुस्तामा केन्द्रित मनोरञ्जनमूलक पत्रिका हो । नेपालभाषामा छापिने मासिक पत्रिकाहरू थुप्रै भए पनि ती धेरैजसो नियमित छैनन् । धेरैजसो मासिक पत्रिकाहरू भाषा, साहित्य, संस्कृति तथा इतिहासमा केन्द्रित छन्, त्यसैले यी समाचारमूलक पत्रिका होइनन् । मासिक पत्रिकाहरूमध्ये *न्हू प्रेष्टिज नेपाः* (ने.सं. ११२४) मा भने समसामयिक विषय पनि छापिएका हुन्छन् ।

नेपालभाषामा प्रकाशन भइरहेका पत्रपत्रिकाले नेवार समुदायमा उठिरहेका मुद्दाका पक्षमा जनमत निर्माण गर्ने काम गरिरहेका छन् । यसै पृष्ठभूमिमा *सन्ध्याटाइम्स* दैनिक अन्य पत्रिकाका तुलनामा नियमित, बढी पढिने र नेवार समुदायका विविध विचारलाई ठाउँ दिने भनेर चिनिएको छ । यद्यपि यसको पुष्टि हुने गरी छुट्टै अध्ययन वा सर्वेक्षण भने भइसकेको छैन । त्यसैले नेवार समुदायभित्र वर्तमान राजनीतिक सन्दर्भमा आफ्ना चासोहरूबारे कस्ता बहस भइरहेका छन् भनेर बुझ्नका लागि *सन्ध्याटाइम्स*ले समेटेका विषयवस्तुको अध्ययन सहयोगी हुन सक्छ ।

विभिन्न भाषिक वा जातीय अधिकारका आन्दोलनलाई अगाडि बढाउने सन्दर्भमा पत्रपत्रिकाको प्रकाशनलाई पनि उक्त आन्दोलनको एउटा महत्त्वपूर्ण हिस्साका रूपमा लिइएको छ । यसै सन्दर्भमा नेवार समुदायको आवाजलाई प्रतिनिधित्व गर्ने *सन्ध्याटाइम्स* दैनिकले नेवारहरूको सामाजिक तथा राजनीतिक आन्दोलनमा खेलेको भूमिकालाई यहाँ केलाइएको छ । यसै सिलसिलामा

---

[६] ने.सं. १११० तिर चलचित्रसम्बन्धी मासिक म्यागेजिनको रूपमा प्रकाशन हुन थालेको यो पत्रिका बीचमा केही समय बन्द भई ११२० देखि साप्ताहिक समाचारपत्रका रूपमा प्रकाशित हुन थालेको हो ।

संविधानसभा तथा नयाँ संविधान निर्माणको सेरोफेरोमा नेवार समुदायका केही महत्त्वपूर्ण सवालहरू *सन्ध्याटाइम्स*मा के-कसरी समेटिए भन्नेबारे यहाँ अध्ययन र विश्लेषण गरिएको छ । यो अध्ययन सङ्घीय गणतन्त्रको घोषणा, भाषानीति र सङ्घीय राज्यको स्वरूपका सन्दर्भमा *सन्ध्याटाइम्स*मा छापिएका सामग्रीमा केन्द्रित छ ।

अध्ययनका लागि २०६४ जेठ १५ (२८ मे २००८) देखि २०६७ फागुन १० (२२ फेब्रुअरी २०११) सम्म प्रकाशित *सन्ध्याटाइम्स*का सबै अङ्क पढिएको थियो । संविधानसभाबाट बन्ने संविधान कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा यसभन्दा अघि वा पछिका अङ्कहरूमा पनि बहस भएको छ, तर अध्ययन सहजताका लागि गणतन्त्र घोषणा भएको भोलिपल्टदेखि यो अनुसन्धान सुरु गर्दासम्मका अखबार हेरिएको हो । यस अवधिमा प्रकाशित समाचार, सम्पादकीय, लेखरचना तथा पाठकपत्रलाई अध्ययनको दायरामा पारिएको छ ।

यो लेख मुख्य गरी तीन भागमा बाँडिएको छ। पहिलो खण्डमा सङ्घीय गणतन्त्रको घोषणालाई *सन्ध्याटाइम्स*ले कसरी हेर्‍यो भन्ने विषयमा चर्चा गरिएको छ। यस क्रममा पत्रिकाले गणतन्त्र घोषणालाई स्वागतसहित ऐक्यबद्धता प्रदर्शन गर्दै जातीय स्वायत्तता प्राप्त हुनेमा नेवार समुदायलाई विश्वस्त तुल्याउन खोजेको सम्बन्धमा विश्लेषण गरिएको छ। यसरी नै *सन्ध्याटाइम्स*ले सङ्घीयताको पक्षमा ऐक्यबद्धता जनाउँदै विभिन्न सामग्री प्रकाशित गरे पनि त्यसबारे सशक्त बहस र स्पष्ट दिशानिर्देश गर्न नसकेको कुरा औँल्याइएको छ। दोस्रो खण्डमा नयाँ संविधानमा भाषानीति कस्तो हुनुपर्छ भन्नेबारेको बहस समेटिएको छ। नेवार समुदायका लागि भाषानीति किन चासोको विषय बन्यो भन्ने चर्चा गर्दै पत्रिकामा यससम्बन्धी सामग्रीहरू सशक्त र पर्याप्त नभएको र भाषिक अधिकारका लागि लड्नेहरू अन्य नै मुद्दातिर लागेको प्रसङ्गलाई यहाँ उठाइएको छ। यस्तै, तेस्रो खण्डमा नेवाः प्रदेश राज्यको अवधारणा कसरी विकास भयो, र यससम्बन्धी के-कस्तो बहस भएको छ भन्नेबारे खोजी गरिएको छ। नेवाः राज्यबारेको बहसमा आउने सबैभन्दा महत्त्वपूर्ण पाटो यसको भौगोलिक सीमाङ्कन हो। यस सम्बन्धमा नेवारहरूबीच नै एकमत नभएर विभिन्न विचारहरू बहसमा आइरहेको *सन्ध्याटाइम्स*मा प्रकाशित सामग्रीले देखाएको उल्लेख गरिएको छ। पत्रिकाले नेवाः राज्यको सीमाङ्कनका सम्बन्धमा कुनै निश्चित अडान नलिएर विभिन्न विचारलाई ठाउँ दिएको तर्क यहाँ गरिएको छ। लेखको अन्त्यमा निष्कर्ष दिइएको छ।

## सङ्घीयताको पक्षमा ऐक्यबद्धता

राजनीतिक परिवर्तनपछि नेपाली समाजमा सङ्घीय संरचनाका लागि आन्दोलन बुलन्द भयो। २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले गणतन्त्रको घोषणा गऱ्यो। भोलिपल्ट अर्थात् जेठ १६ गते सबैजसो पत्रपत्रिकाले आफ्नो मास्टहेडभन्दा माथि 'गणतन्त्र नेपाल' शीर्षक लेखेर उक्त घोषणालाई स्वागत गरेको जनाउ दिए। *सन्ध्याटाइम्स*ले पनि मास्टहेडभन्दा माथि रञ्जना लिपिमा 'सङ्घीय गणतन्त्र नेपाः' लेख्दै स्केचसहित बेग्लै ढङ्गले आफ्नो अभिव्यक्ति दियो। नेवार सभ्यताभित्र रञ्जना लिपिको प्रयोग धार्मिक एवं पवित्र अवसर, पुस्तकको नाम तथा पत्रपत्रिकाको मास्टहेडमा बाहेक अन्यत्र हम्मेसी गरिन्न। पत्रिकाले उक्त घोषणालाई एउटा विशेष र पवित्र अवसरको रूपमा चिनाउन खोजेको यसबाट बुझिन्छ। सोही दिन पहिलो पृष्ठमा प्रकाशित विशेष सम्पादकीयमा लोकतान्त्रिक गणतन्त्र मात्रै नभएर 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र'को घोषणा भएकाले यसलाई बिर्सन नहुने कुरा उल्लेख छ (सन्ध्याटाइम्स सन् २००८क)। यसबाट *सन्ध्याटाइम्स*ले नेवार समुदायभित्र विद्यमान सङ्घीयताको चाहनालाई प्रतिनिधित्व गर्दै विशेष जोड दिएको बुझिन्छ।

नेवार समाजले कतिपय परम्परा र संस्कृतिका कारण राजाविहीन पद्धतिलाई आत्मसात् गर्न सक्दैन कि भनेर आशङ्का गर्नेहरू पनि नभएका होइनन्। केही सांस्कृतिक अवसरहरूमा राजाको उपस्थिति हुनुपर्ने प्रचलन एवं राजासँग सांस्कृतिक रूपले घनिष्ट सम्बन्धका कारण यस्तो शङ्का गरिनु स्वाभाविकै पनि थियो। यो अवस्थामा सङ्घीय गणतन्त्र घोषणा भएको अवस्थालाई नेवारहरूले अझ बढी उल्लासपूर्वक मनाउन आवश्यक भएको लेख छापिएको छ (मानन्धर सन् २००८)। राजा नभए कतिपय नेवार संस्कृति र परम्परामा अवरोध आउने तर्क भइरहेको बेला शाहवंशीय राजाहरूले नेवारहरूको हकहित विरुद्धमा काम गरेको र राजाले लिएको सांस्कृतिक भूमिका राष्ट्रपतिले निर्वाह गर्न सक्ने भएकाले अझ राम्रो हुने भनी सो लेखमा तर्क गरिएको छ।

सङ्घीयताबारेका सानातिना घटना वा बहस पनि *सन्ध्याटाइम्स* लागि चासोका विषय बन्ने गरेका छन्। सङ्घीयताका विभिन्न स्वरूप तथा तिनका पक्ष-विपक्षमा बहस भइरहेको सन्दर्भमा सङ्घीयता विरोधी विचारलाई पत्रिकामा ठाउँ दिइएको छैन। जातीय स्वायत्ततासहितको सङ्घीयताको विपक्षमा आवाज उठ्दा यसले कडा रूपले प्रतिवाद गर्ने गरेको छ। राष्ट्रपति रामवरण यादवले एक पत्रकारसँगको व्यक्तिगत भेटघाटमा जातीय आधारमा सङ्घ निर्माण हुनुहुन्न भनेर दिएको अभिव्यक्तिलाई पनि यस पत्रिकाले आफ्नो विमतिसहित समाचार बनाएको छ

(सन्ध्याटाइम्स सन् २००९च) । राष्ट्रपतिको यो भनाइ धेरै विवादित भएपछि उनले आफू जातीय स्वशासनको विपक्षमा नभएको भनी प्रस्ट पार्नुपरेको थियो ।

सङ्घीयताले देश टुक्रिने भएकाले त्यतातर्फ जानुहुन्न भन्ने विचार राख्नेहरू पनि छन् । यस्तो विचार विशेषत: चित्रबहादुर केसीले नेतृत्व गरेको दल राष्ट्रिय जनमोर्चाले अगाडि सार्ने गरेको छ । *सन्ध्याटाइम्स*ले भने यस्ता विचारको कडा प्रतिवाद गर्दै यसका विरुद्ध आवाज उठाउनसमेत जनसमुदायलाई आह्वान गरेको छ । 'आजको समयमा सङ्घीय व्यवस्थाको विरोध' शीर्षकमा एक सम्पादकीय प्रकाशित छ । सङ्घीयताका सवालमा पत्रिकाको सम्पादकीय लाइन के-कस्तो छ भन्ने कुरा यसले स्पष्ट पारेको छ । प्रकाशित सम्पादकीयमा सङ्घीय व्यवस्था आएमा होइन, नआएमा चाहिँ देश टुक्रिने सम्भावना रहेको उल्लेख छ । सङ्घीयताको विरोधमा बन्द हडताल गर्ने क्रम जारी राखे उसलाई 'प्रतिगामी दर्जामा राखी प्रतिकार गर्दा पनि त्यो ठीकै' हुने बताइएको छ (सन्ध्याटाइम्स सन् २००८ग) ।

*सन्ध्याटाइम्स* किन यसरी सङ्घीयताको पक्षपाती बन्यो र सङ्घीयता विरोधीहरूलाई शत्रुकै रूपमा लियो भन्ने प्रश्न यहाँनेर महत्त्वपूर्ण छ । यसका पछाडि पत्रिकाको पृष्ठभूमिमाथि पनि विचार गर्नु आवश्यक छ । यस लेखको सुरुमा नै चर्चा गरिएअनुसार नेपालभाषाको पत्रकारिता सुरुदेखि नै जातीय आन्दोलनबाट पृथक् छैन । त्यसको पछिल्लो उदाहरण *सन्ध्याटाइम्स* बन्न पुग्यो । सम्पादकीय समूह तथा लगानीकर्ताहरूको पृष्ठभूमि पनि एउटै रहेको छ । सम्पादकीय समूहको नेतृत्व गर्ने सुरेश मानन्धर पहिल्यैदेखि नेपाल भाषालाई प्रवर्द्धन गर्नुपर्छ भन्ने अभियानमा लागेका छन् । सम्पादकीय समूहकै अर्का सदस्य एवं नेपालभाषाका साहित्यकार रमेशकाजी स्थापित प्रकाशन संस्थाका अध्यक्ष छन् । सम्पादक मानन्धरभन्दा अघिल्लो पुस्ताको प्रतिनिधित्व गर्ने स्थापित आफै पनि नेपालभाषा आन्दोलनका एक कार्यकर्ताका रूपमा चिनिन्छन् । पत्रिकाको अर्को पक्ष लगानीकर्ताहरू हुन् र यिनीहरूको पृष्ठभूमि पनि जातीय आन्दोलनसँग नै सम्बन्धित छ । व्यापारिक क्षेत्रमा सक्रिय रहेका लगानीकर्ताहरू फरकफरक राजनीतिक दल वा विचारधाराप्रति आस्थावान् भए पनि नेवार जातीय आन्दोलनमा सुरुदेखि नै सक्रिय रहेका व्यक्तिहरू हुन् ।

*सन्ध्याटाइम्स*ले सङ्घीयतालाई केन्द्रबिन्दुमा राखेर बहस अगाडि बढाएको कुरामा शङ्का नरहे पनि बहस कति स्तरीय हुन सक्यो भन्नेमा भने थुप्रै प्रश्न उठाउन सकिने ठाउँ छ । नेवार समुदायले राजनीतिक कारणले धेरै कुरा गुमाउनु परेको हुँदा सङ्घीयतामा गएपछि सबै कुरा ठीकठाक हुन्छ भन्ने कोणबाट

नै समाचार वा विचार सम्प्रेषित भइरहेको छ, जुन पूरै यथार्थ भने होइन । तर यस्ता कुरालाई बेवास्ता गर्दै सङ्घीयताको पक्षमा मोर्चाबद्ध भई आवाज बुलन्द गरिरहेका नेवार सङ्गठनहरूको अघोषित मुखपत्र जस्तो भएर *सन्ध्याटाइम्स* उभिएको छ । यहाँ भुल्न नहुने अर्को कुरा के पनि छ भने सङ्घीयताको पक्षमा जस्तै विपक्षमा उभिने नेवारहरूको सङ्ख्या पनि त्यति सानो चाहिँ छैन । तर नेवार समाजभित्र तिनीहरूको आवाज बुलन्द हुन सकेन, न त *सन्ध्याटाइम्स*ले नै तिनलाई स्थान दियो । नेवार समुदायका लागि सङ्घीयता साधन हो कि साध्य भनी छलफल पनि हुन सकेन । जातीय सङ्गठनले यसतर्फ ध्यान नदिए पनि *सन्ध्याटाइम्स*ले भने केही पृष्ठ खर्च गर्न सक्थ्यो, तर यसले बहस चलाउन आवश्यक ठानेन । देश सङ्घीय हुने पक्कापक्की भइसकेको अवस्थामा नेवार समुदायलाई यसबाट के-कति फाइदा हुन्छ भन्नेबारे गहिरो बहस हुनुपर्ने हो । यसो नहुँदा सङ्घीयताको बहस एकतर्फी हुन पुग्यो । र, *सन्ध्याटाइम्स*ले सङ्घीयतालाई महत्त्व दिँदादिँदै पनि प्रकाशित सामग्रीहरू गहन बहसमा नभई आग्रह र औपचारिकता निर्वाहमै रुमल्लिएको देखियो । राजनीति र सङ्घीयताबारे विशेषज्ञता हासिल गरेका व्यक्तिहरूलाई विचार स्तम्भमा पर्याप्त मात्रामा समेट्न नसक्नु यसको कमजोरी हो । तर यस्ता विषयमा लेख्नेहरू धेरैजसोको पृष्ठभूमि भाषा, साहित्य तथा संस्कृति नै रहेको छ । भाषिक तथा जातीय गतिविधिमा संलग्न हुनु नै सङ्घीयताका सवालमा सक्षम हुनु होइन । सङ्घीयताका सवालमा संसारभरका थुप्रै मोडलबारे छलफल हुन सक्छ, तर *सन्ध्याटाइम्स*मा प्रकाशित लेखहरू ती बहसको छेउसम्म पनि पुग्न सकेका छैनन् । अन्तर्राष्ट्रिय क्षेत्रबाट लेखिएका कतिपय सामग्री नेपाली राष्ट्रिय दैनिकहरूमा अनुवाद भई प्रकाशित भए पनि नेपालभाषाका लेखकहरूले त्यसबाट सिकेर बहसमा ल्याउन नसक्नु उदेकलाग्दो कुरा हो । सङ्घीयताका विषयमा छापिएका धेरैजसो लेखमा एउटै कुरा दोहोरिएका छन् । सङ्घीयतालाई यति धेरै महत्त्व दिइसकेपछि यसका पक्षमा बहस चलाउन *सन्ध्याटाइम्स*ले विज्ञहरूका बीच अन्तर्क्रिया गराएर पनि सामग्रीहरू पस्कन सक्थ्यो, तर यसतर्फ ध्यान नपुगेको पाइयो । समग्रमा *सन्ध्याटाइम्स*ले आफूलाई सङ्घीयताका पक्षमा उभ्याए पनि त्यसबारे बहस चलाउने सन्दर्भमा परिपक्वता भने नआएको देखियो ।

## भाषानीतिमा चासो

नयाँ संविधान त लेखिएला तर त्यसमा भाषानीति कस्तो होला ? यो प्रश्न धेरै जनाका लागि गौण भए पनि नेवार समुदायका लागि ठूलो चासोको विषय हुने

गरेको छ । सन् १९०५ (वि.सं. १९६१/६२ तिर) मा तत्कालीन श्री ३ तथा प्रधानमन्त्री चन्द्रशमशेरले लिएको विभेदकारी भाषानीतिका कारण नेवार समुदायले पछिसम्म पनि यसको नकारात्मक असर भोग्नु पर्‍यो ।[७] नेपालमा जातीय आन्दोलनलाई संस्थागत विकास गर्नेमा नेवार समुदायको नाम अग्रपङ्क्तिमा आउँछ । सुरुमा जातीय आन्दोलनको स्वरूप भाषिक थियो । पछि यही भाषिक आन्दोलन नै विकसित हुँदै जातीय आन्दोलनका रूपमा विस्तारित भयो । स्वायत्त शासन, सङ्घीय शासन तथा अन्य प्रकारका बहसहरूको पृष्ठभूमि पनि भाषा नै हो ।

नेपाल बहुभाषिक मुलुक भएकाले कुनै एक भाषालाई मात्र विशेषाधिकार दिइनुहुन्न भन्ने मान्यता *सन्ध्याटाइम्स*को रहेको छ । संविधानसभाको सामाजिक र सांस्कृतिक मूल्य निर्धारण समितिमा विभिन्न पार्टीहरूले नेपाली भाषालाई कामकाजको भाषाका रूपमा उल्लेख गरिनुपर्छ भनी राखेको प्रस्तावमा मधेसवादी दलहरूले हिन्दीलाई पनि कामकाजको भाषा मान्नुपर्छ भनी माग गरेपछि माओवादीले सबै मातृभाषालाई कामकाजको भाषा हुनुपर्छ भनी प्रस्ताव गरेको थियो (सन्ध्याटाइम्स सन् २००९क) । पछि मधेसवादी दलहरूले हिन्दी भाषालाई राष्ट्रिय भाषाका रूपमा उल्लेख गर्नुपर्छ भन्दै फरक मत दर्ता गरे (सन्ध्याटाइम्स सन् २००९ख) । तर *सन्ध्याटाइम्स*ले सरकारी कामकाजको भाषा कुन हुनुपर्छ भन्ने विवाद नै निरर्थक रहेको दृष्टिकोण प्रस्तुत गर्‍यो । संविधानमा कुनै पनि भाषालाई सरकारी कामकाजको भाषा भनी उल्लेख गराइनु हुँदैन, यदि एउटा भाषालाई सरकारी कामकाजको भाषा भनी उल्लेख गरियो भने अरूले पनि स्वाभाविक रूपमा दाबी गर्छन् । कुनै पनि भाषाको नाम संविधानमा उल्लेख नगरी केवल राष्ट्रका सबै भाषाको एउटा सूची राख्ने र कुन प्रदेशका लागि कुन भाषा उपयुक्त होला त्यो त्यहीँका जनताले निर्धारण गर्दछन् भन्दै राज्यले भाषा किटान गर्न जरुरी नभएको तर्क पत्रिकाले प्रस्तुत गरेको छ (सन्ध्याटाइम्स सन् २००९ग) ।

प्रत्येक प्रदेशमा दुईओटा भाषालाई र केन्द्रमा हाललाई देवनागरी लिपिमा नेपालीभाषालाई कामकाजको भाषा बनाई त्यसमा अरू कति भाषा थप्ने भन्ने सम्बन्धमा भाषा आयोगले निर्णय गरी सोही बमोजिम सूचीकृत गर्ने भनी उच्चस्तरीय राजनीतिक कार्यदलले निर्णय गरेको थियो (सन्ध्याटाइम्स सन् २०१०क) । भाषानीति कस्तो हुनुपर्छ भनी उच्चस्तरीय राजनीतिक कार्यदलभित्र

---

[७] "अब उप्रान्त नेपालभाषामा लेखिएका कागजपत्रहरूले सरकारी मान्यता नपाउने" (हृदय ने.सं. ११०२ : ७) भनी चन्द्रशमशेरका पालामा इस्तिहार जारी भएका कारण नेपालभाषाको प्रयोगमा कमी आएको थियो ।

भएको छलफलले कुनै निचोड ननिकाली उक्त काम पनि भाषा आयोगलाई नै दिने भनी गरेको उक्त निर्णयप्रति भोलिपल्ट पत्रिकामा सम्पादकीय नै लेखी आपत्ति जनाइएको छ। राज्य पुनर्संरचनाका सम्बन्धमा पनि उच्चस्तरीय राजनीतिक कार्यदलले कुनै निर्णय नगरी छुट्टै आयोग बनाई निर्णय गर्ने भएको थियो। तर पछि माओवादी र एमालेकै कतिपय नेताहरूले यसको विरोध गरी समितिबाटै निर्णय गर्नुपर्नेमा जोड दिए। तर भाषाका मामिलामा भने उनीहरू चुप लागेकोमा *सन्ध्याटाइम्स*ले आपत्ति जनाएको छ। विभेदकारी भाषानीतिकै कारण जनताले सङ्घीय व्यवस्थाको माग गरेको तर राजनीतिक पार्टीहरू नै भाषानीतिबारे स्पष्ट छैनन् भने त्यो सङ्घीय व्यवस्थाले आदिवासी जनतालाई साँच्चै न्याय दिन्छ भनी कसरी पत्याउने भनी त्यहाँ प्रश्न उठाएको छ (सन्ध्याटाइम्स सन् २०१०ख)। पञ्चायती व्यवस्थामा झैँ एउटा मात्र भाषालाई राष्ट्रभाषा भनी अरू जम्मै भाषालाई दोस्रो दर्जामा राख्ने हो भने राज्य पुनर्संरचनाको के अर्थ भन्ने प्रश्न गर्दै उच्चस्तरीय राजनीतिक कार्यदलले भाषाका सवालमा गरेको निर्णय खारेज गर्नुपर्ने दृष्टिकोण पनि अगाडि सारिएको छ (सन्ध्याटाइम्स सन् २०१०ग)। यसै सन्दर्भमा बहुभाषाको नीति अपनाएकोजस्तो गरी एक भाषानीति नै लागू गर्न खोजिएको छ भन्ने टिप्पणी श्रीकृष्ण महर्जन (सन् २०१०) ले गरेका छन्।

संविधान निर्माणका क्रममा भाषानीतिको बहस हुँदा मूलधारका भनिने मिडियामा हिन्दी भाषाको मात्रै हुने गरेको छ। यद्यपि नेवार समुदायले पनि त्यसमा चासो प्रकट गरेको थियो भन्ने कुरालाई *सन्ध्याटाइम्स*का सामग्रीहरूले पुष्टि गर्छन्। *सन्ध्याटाइम्स* भाषाका सन्दर्भमा स्वयं पनि बढी नै संवेदनशील रहेको देखियो। संविधान लेखनका लागि गठित विभिन्न समितिहरूले सुझावका लागि प्रकाशन तथा प्रसारण गरेका सूचना नेपाली भाषामा मात्र भएकोमा नेवाः देय् दबूले आपत्ति जनाएको जस्ता समाचार अन्य सञ्चारमाध्यमका नआए पनि *सन्ध्याटाइम्स*मा प्राथमिकतासाथ छापिए (सन्ध्याटाइम्स सन् २००९घ)।

संविधान निर्माणको बहसमा भाषानीतिको मुद्दालाई नेवार समुदायले जति सशक्त रूपमा उठाउनुपर्ने हो त्यसरी उठाउन सकेको देखिएन। कुनै बेला आफ्नो ध्यान भाषिक मुद्दामा बढी केन्द्रित गर्ने यो समुदाय हाल जातीय राज्यलगायतका मागहरूमा विभिन्न जातीय समूहहरूसँगको सहकार्यमा बढी सक्रिय भएको छ। *सन्ध्याटाइम्स*ले सम्पादकीयमार्फत भाषानीतिका सम्बन्धमा जे जति विषयवस्तु उठायो, नेवार बुद्धिजीवीहरूले भने यस विषयमा उति कलम चलाएको पाइएन। अन्य राजनीतिक मुद्दाहरू सुल्झिए भाषाको मुद्दा पनि स्वतः

सुल्झिने धारणाले यस्तो भएको हुन सक्छ, तर विभिन्न घटनाक्रमहरूको अध्ययन गर्दा यी फरकफरक विषय हुन् भन्ने देखिन आउँछ ।

## नेवाः राज्य र यसको सीमाङ्कन

संविधानसभामार्फत बन्ने संविधानको प्रमुख विशेषता राज्य पुनर्संरचना हो । र, राज्य पुनर्संरचनाको सबभन्दा महत्त्वपूर्ण पक्ष भनेको विभिन्न सङ्घीय राज्यहरूको निर्माण हो । विभिन्न आधारहरू अगाडि सार्दै जातीय र भौगोलिक समुदायले छुट्टाछुट्टै सङ्घीय राज्यको माग गर्ने क्रममा सङ्घीय राज्यहरूको स्वरूपबारे निकै नै बहस भइरहेको छ । २०६२/६३ को परिवर्तनअघि नै 'नेवार स्वायत्त शासन' को कल्पना गरी यसबारे बहस थालिसकेको[८] नेवार समुदायले आफ्नो छुट्टै सङ्घ वा राज्यको माग गर्नु कुनै नौलो कुरा भएन । सर्वप्रथम त सङ्घीय राज्य नै जातीय वा के आधारमा बनाउने भन्ने बहस चलिरहेको परिस्थितिमा जातीयताका आधारमा पनि राज्य बनाइनुपर्दछ भनेर आवाज उठाउँदै आएको नेवार समुदायभित्र आफ्नो छुट्टै राज्यका सन्दर्भमा खासै विमति पाइँदैन । सङ्घीय नेपालभित्र नेवाः राज्यका लागि सङ्घर्षरत विभिन्न नेवार सङ्गठनहरूको संयुक्त मोर्चा 'नेवाः स्वायत्त राज्य मङ्काः सङ्घर्ष समिति'ले नेवाः स्वायत्त राज्यको माग गर्दै २२ डिसेम्बर २००८ मा राष्ट्रिय सभागृहमा संयुक्त आन्दोलनको घोषणा गऱ्यो (सन्ध्याटाइम्स सन् २००८ख) । २६ डिसेम्बर २००९ का दिन दशरथ रङ्गशालामा नेवाः राज्यको नै औपचारिक घोषणा गरेर नेवाः राज्यले लिने नीति तथा योजनाका सम्बन्धमा धारणा प्रस्तुत गऱ्यो । तर, उक्त राज्य कस्तो हुने वा यसले कति क्षेत्रलाई समेट्ने भन्ने सम्बन्धमा भने नेवार समुदायभित्रै पनि व्यापक बहस जारी छ । *सन्ध्याटाइम्स* दैनिकले यसबारेका विविध विचार प्रकाशन गरेको छ ।

नेवार राज्यको बहससँगै यसको भौगोलिक सीमाङ्कनका सम्बन्धमा पनि बहस हुनु स्वाभाविकै हो । यस समुदायको सघन बसोबास रहेको काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लालाई समेटेर नेवाः प्रदेश बनाउनुपर्छ भन्ने मत

---

[८] वि.सं. २०५४ मा स्थानीय निकायहरू काठमाडौँ महानगरपालिका, ललितपुर उपमहानगरपालिका तथा कीर्तिपुर, भक्तपुर, धुलिखेल नगरपालिकाहरूले नेपालभाषालाई र राजविराज नगरपालिका तथा धनुषा जिविसले मैथिली भाषालाई कामकाजको अतिरिक्त भाषाको रूपमा मान्यता दिने भन्दै गरेको निर्णयलाई सर्वोच्च अदालतले असंवैधानिक भन्ने फैसलासहित २०५६ जेठ १८ मा खारेज गरेको थियो (लामा २०५८) । तर सर्वोच्चले सो फैसला गर्नुअघि नै 'नेवार राष्ट्रिय आन्दोलन'का नाउँमा एउटा समन्वय समिति गठन भएको थियो । र त्यसैको आयोजनामा 'नेवार स्वायत्त शासन' सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरूको सञ्चालन गरी यस बहसलाई अगाडि बढाइएको थियो (महर्जन २०५४ : ३) ।

एकथरीको छ भने अर्काथरीको धारणा यी तीन जिल्लाबाहेक आसपासका अन्य जिल्लामा पनि नेवारहरूको उल्लेख्य उपस्थिति रहेका कारण ती ठाउँहरू पनि समेट्नुपर्छ भन्ने छ। इतिहासमा नेपालमण्डल भनी एक निश्चित भूभागलाई चिनाउने गरिएको र त्यसको केन्द्रीय शासन काठमाडौँ हुने गरेका कारण प्राचीन नेपालमण्डललाई नै नेवार राज्यको रूपमा कायम गरिनुपर्छ भन्ने धारणा पनि छ। प्राचीन कालमा काठमाडौँ, ललितपुर र भक्तपुरलाई केन्द्र मानी यी तीन जिल्लासहित वरिपरिको काभ्रेपलाञ्चोक, मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ, रसुवा, दोलखा, रामेछाप, सिन्धुली गरी हालका १२ जिल्ला समेटिएको भूभागलाई 'नेपालमण्डल' भन्ने गरिन्थ्यो। त्यसको सीमाका रूपमा विभिन्न ठाउँमा ६४ ओटा शिवलिङ्ग गाडिएको भनाइ रहेको छ (तमोट २०६३ : २३)। त्यसो हुनाले तामाङ समुदायले माग गरिरहेको ताम्सालिङको क्षेत्र पनि यही नेपालमण्डलभित्रै पर्न आउँछ। नेवार र तामाङबाहेक चेपाङलगायत अन्य जातीय समुदायहरू पनि यस क्षेत्रमा बस्छन्। सभ्यताको फैलावट, राजनीतिक-सामाजिक प्रभाव र ऐतिहासिकतालाई ध्यानमा राख्दै त्यही नेपालमण्डललाई नै नेवाः राज्यका रूपमा पुनःस्थापित गर्नुपर्दछ भन्ने तर्क उनीहरूको छ।

माथि उल्लिखित नेवाः राज्यको सीमाङ्कनसम्बन्धी पहिलो अवधारणाका पक्षपातीहरूको मत तुलनात्मक रूपले बलियो देखिन्छ। यसै सन्दर्भमा एनेकपा (माओवादी) ले जनयुद्ध कालमा नै सार्वजनिक गरेको सङ्घीय प्रदेशको नक्सामा काठमाडौँ, ललितपुर र भक्तपुर गरी तीन जिल्लालाई मात्र समावेश गरेर 'नेवाः राज्य' प्रस्ताव गरेको थियो। यस प्रस्तावलाई तत्कालीन अवस्थामा अन्य पक्षले खासै चासोपूर्वक हेरेनन्। तर ताम्सालिङ (तामाङ) राज्यबाट घेरिएको र तीन जिल्लालाई मात्र समेटिएकाले नेवार पक्षले माओवादी पार्टीसम्बद्ध व्यक्तिहरूसँग अनौपचारिक रूपमा असन्तुष्टि जनाएका थिए। माओवादी पक्षले पनि सो नक्सा तात्कालिक रणनीतिअनुसार कामचलाउ मात्रै भएको र पछि सच्याइने जवाफ दिएको थियो।[९] तर यही नक्साले हाल ताम्सालिङ पक्षधरहरूको मात्रै नभएर अन्य राजनीतिक दल र आम समुदायको मनमस्तिष्कमा जरो गाडेको छ र यससम्बन्धी बहस बढी जटिल बनिरहेको छ। नेवाः राज्य भनिएको यही भूभागलाई पनि कहिले केन्द्रीय प्रदेश त कहिले राजधानी प्रदेशका रूपमा स्थापना गर्नुपर्छ भन्ने धारणा एनेकपा (माओवादी) र अन्यत्रबाट पनि अगाडि

---

[९] यससम्बन्धमा नेवार आन्दोलनका अगुवा र माओवादी पक्षबीच मौखिक रूपमा व्यक्तिगत स्तरमा कुराकानी भएको जानकारी *सन्ध्याटाइम्स*का सम्पादक सुरेश मानन्धरले २८ मार्च २०११ मा दिएका हुन्।

सार्ने गरिएको छ । नेवा: राज्यभित्र तीन जिल्ला मात्र समेटेकाले चित्त नबुझाइरहेको नेवार समुदायको ठूलो हिस्सा केन्द्रीय प्रदेश वा राजधानी प्रदेशको अवधारणाले झन् चिढियो । एनेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहालले पनि उपत्यकालाई केन्द्रशासित प्रदेश बनाउने भनी विचार व्यक्त गरेपछि नेपा: राष्ट्रिय पार्टीका अध्यक्ष डा. केशवमान शाक्यले यसलाई नेवार समुदायप्रति माओवादीबाट धोका भएको (सन्ध्याटाइम्स सन् २००८घ) टिप्पणी गरे । नेपालभाषा आन्दोलनका अर्का एक कार्यकर्ताले त प्रचण्डको ब्राह्मणवादी चरित्र उदाङ्गो भएको बताए (शाक्य सन् २००८क, २००८ख) । अन्तत: प्रचण्डले नेवा: प्रदेश नेपालको महत्त्वपूर्ण प्रदेश भएका कारण यसलाई बलियो बनाउनका लागि केन्द्रबाट पनि विशेष पहल हुनुपर्छ भनेको ठाउँमा पदावली यताउता परेर अन्यथा हुन गएको भनी भूल सुधार गर्नुपर्‍यो (सन्ध्याटाइम्स सन् २००९ङ) ।

यो विवादले स्वयं एनेकपा (माओवादी) भित्र पनि अप्ठ्यारो वातावरण सिर्जना गर्न पुग्यो । अन्तत: अति जातिवादी हुनुहुन्न भनी पोलिटब्युरो बैठकमा पूर्व अवधारणाभन्दा फरक अर्थात् नेवा: र ताम्सालिङ छुट्टाछुट्टै नभएर दुईलाई एउटैमा गाभी नेवा-ताम्सालिङ स्वायत्त प्रदेश बनाउनुपर्छ भन्ने प्रस्ताव ल्याइयो । नेवा: स्वायत्त राज्य मङ्ग: सङ्घर्ष सतितिले त्यसको पनि चर्को विरोध गर्‍यो (सन्ध्याटाइम्स सन् २०१०घ) । यस सम्बन्धमा *सन्ध्याटाइम्स*ले दुई प्रदेश एक ठाउँमा बस्नुपर्ने वस्तुगत कारण र त्यसबाट हुने उपलब्धिको ठोस अध्ययनविना नै यस्तो निर्णय गर्दा विवाद हुन सक्छ भन्दै अलगअलग भई मिलेर बस्नु राम्रो हो भन्ने दृष्टिकोण आफ्नो सम्पादकीयमार्फत प्रस्तुत गर्‍यो (सन्ध्याटाइम्स सन् २०१०ङ) ।

राजधानी प्रदेश वा केन्द्रशासित प्रदेशका सम्बन्धमा पनि पर्याप्त छलफल गर्न सकिन्थ्यो । नेवार समुदायको हितमा त्यसलाई कसरी प्रयोग गर्ने भन्नेतर्फ छलफल केन्द्रित गर्न सकिन्थ्यो । छुट्टै राज्यको सट्टामा राजधानी प्रदेश वा केन्द्रशासित प्रदेशमा गएर पनि मिलनबिन्दु खोज्न सकिन्थ्यो होला । तर यससम्बन्धमा बहस नै हुन पाएन । न त *सन्ध्याटाइम्स*ले यसतर्फ बहस चलाउन चाहेको देखियो ।

नेवा: राज्य वा नेपालमण्डलको सीमाका सम्बन्धमा बहस गर्ने क्रममा विनोद सायमि (सन् २००९, सन् २०१०), सानुराजा शाक्य (सन् २०१०), मल्ल के. सुन्दर (सन् २०१०), राजेन्द्र श्रेष्ठ (सन् २०१०क, २०१०ख), डा. केशवमान शाक्य (सन् २०१०), शाक्य सुरेन (सन् २०१०क, २०१०ख), मुक्ति प्रधान (सन् २००९) लगायतका लेखहरू पनि छापिएका छन् । प्रकाशित लेखहरूको अध्ययन

गर्दा नेवार समुदायभित्र सङ्घीय राज्यको सैद्धान्तिक पक्षमा मतभिन्नता नभए पनि सीमाङ्कनका विषयमा भने मतभेद रहेको देखिन्छ । विनोद साय्मिका लेखहरूमा प्राचीन नेपालमण्डल नै नेवार भूमि भएका कारण हाल पनि सोही भूभाग कायम हुनुपर्नेमा जोड दिइएको छ । उनको यो अवधारणा धेरै हदसम्म अनुसन्धानकर्ता काशिनाथ तमोट (२०६३ : २३) सँग मिल्छ । यस अवधारणालाई अगाडि बढाउन तमोटले ऐतिहासिक व्याख्या गरेका छन् भने साय्मिले त्यही अवधारणालाई जनसङ्ख्या तथा भूवितरणको तथ्याङ्कलाई तथ्याङ्क शास्त्रीय पद्धतिबाट समेत व्याख्या गरेका छन् । विगतमा इतिहास अध्ययनको विषयवस्तुमा सीमित नेपालमण्डलको प्रसङ्ग लेखक साय्मिका यी दुई धारावाहिक लेखको प्रकाशनपछि नेवार राज्यका रूपमा बहसको विषय बन्न पुग्यो । प्राचीन नेपालमण्डल नै नेवार राज्य हुनुपर्छ भन्ने अवधारणालाई कसैले विरोध नगरे पनि धेरैजसो नेवार बुद्धिजीवीहरू यसैमा अडिइरहन चाहेनन् । वर्तमान अवस्थामा प्राचीन नेपालमण्डललाई नै नेवार राज्यका रूपमा लिँदा स्वयं नेवारहरू अल्पमतमा पर्ने र अन्य जातीय समुदायहरूले पनि मान्ने अवस्था नरहेकाले प्राचीन नेपालमण्डलको सिमाना अनुसार नेवाः राज्यको माग त्यति जायज नभएको भनाइ अन्य लेखकहरूको छ । नेवार राज्यका रूपमा काठमाडौँ, ललितपुर र भक्तपुर गरी तीन जिल्ला मात्रै रहेको भूमि सबै दृष्टिले अपर्याप्त भएको कुरामा भने उनीहरू एकमत नै छन् । तीन जिल्लाले समेटेको जम्मै भूभाग नेवार राज्यले पाउनुपर्छ भन्ने जिकिर पनि गरिएको छैन बरु अन्य जातिको बाहुल्य भएका क्षेत्रहरू छाडेर नेवार बाहुल्य भएका अन्य जिल्लाहरूलाई समेट्नुपर्ने विचार ती लेखहरूमा व्यक्त भएका छन् । साथै, राज्य विभाजनका क्रममा छिमेकी राज्यका रूपमा ताम्सालिङ हुने भएका कारण आपसी सहमतिमा सीमा निर्धारण गरिनुपर्ने विचार पनि ती लेखहरूमा पाइन्छ । नेपालमण्डललाई क्षेत्रीय राज्यका रूपमा स्थापना गर्दै त्यसभित्र ज-जसको बाहुल्य जहाँ-जहाँ छ त्यहाँ तिनीहरूको उप-स्वायत्त राज्य स्थापना गर्ने सम्बन्धमा पनि बहस चलाउन सकिन्थ्यो तर अध्ययन अवधिका अङ्कहरूमा यस्ता अवधारणा चर्चामा आएका छैनन् ।

समग्रमा यस पत्रिकाले नेवाः राज्य कस्तो हुनुपर्छ वा यसको सीमा के-कति हुनुपर्छ भन्ने सम्बन्धमा कुनै अडान वा निश्चित दृष्टिकोण नदिइकन विविध खालका विचारलाई स्थान दिएको छ । सङ्घीयताका सन्दर्भमा तथा भाषानीतिका सन्दर्भमा यसै हुनुपर्छ भनेर स्पष्ट वकालत गर्ने *सन्ध्याटाइम्स* सीमाङ्कनका सम्बन्धमा आफ्नो निश्चित दृष्टिकोण प्रस्तुत गर्नेतिर लागेको पाइएन । नेवार

बुद्धिजीवीहरू आफै नै यस मुद्दामा विभाजित भएकाले खुला बहस हुन सकोस् भनी धेरै किसिमका विचारलाई स्थान दिइएको हुन सक्छ ।

## निष्कर्ष

नेपाली समाजमा विभिन्न समयमा देखिएका आन्दोलनहरू अधिकार प्राप्तिपछि अन्त्य भएको देखिन्छ । तर नेवार आन्दोलन सन् १९०९ बाट सुरु भएको मान्ने हो भने त्यति बेलाको भावना वा माग अहिलेसम्म पनि पूरा हुन सकेको छैन । त्यसैले नेपालभाषाका पत्रपत्रिकाहरूले अझै पनि 'मिसन जर्नालिज्म' नै गर्नु परेको छ । संविधान निर्माणको सन्दर्भमा *सन्ध्याटाइम्स* दैनिकले समेटेका विविध सामग्री हेर्दा पनि यसले व्यावसायिक पत्रकारिता नभएर नेवार आन्दोलनको पक्षमा मिसन पत्रकारिता गरेको हो भन्ने प्रस्ट हुन्छ । *सन्ध्याटाइम्स*मा नेवार समुदायमा उहिल्यैदेखि उठाइँदै आइएका मुद्दाहरूकै समर्थनमा समाचार, सम्पादकीय र लेखहरू लेखिएका छन् । कतिपय सन्दर्भमा त नेवार आन्दोलनले उठाउँदै आएका मुद्दाभन्दा विपरीत कोणबाट आवाज उठाउनेका विरुद्ध प्रतिकारमा उत्रन समेत आह्वान गरिएको छ । सङ्घीयताको विरोधमा हुने गतिविधिका विरुद्ध प्रतिकारमा उत्रन नेवार समुदायलाई गरिएको आह्वानसहितको सम्पादकीय यसको एउटा उदाहरण हो ।

मिसन पत्रकारिताका नाउँमा सधैँ एकपक्षीय विचारलाई मात्र स्थान दिए नेवार आन्दोलनलाई बल पुग्दैन । एउटा पक्षमा वकालत गर्नु आफ्नो ठाउँमा होला तर त्यहाँ विरोधी विचारलाई पनि स्थान दिएर नेवार समुदायका बुद्धिजीवीलाई त्यसबारे टिप्पणी गर्ने वा प्रस्टयाउने मौका दिन सकेको भए यसले नेवार आन्दोलनलाई कुनै नोक्सानी पुऱ्याउने थिएन बरु फाइदा नै हुन सक्थ्यो । नेपाल भाषामै लेखिएका लेख प्राप्त हुन नसक्ने भए बरु नेपाली वा अन्य भाषामा लेखाएर अनुवाद पनि गर्न सकिन्थ्यो तर यसतर्फ चाहिँ पत्रिकाको सम्पादकीय समूह चनाखो भएको पाइएन । अर्कातिर यत्रो लामो समयावधिको अखबार पल्टाउँदा नेवार आन्दोलनमा अग्रपङ्क्तिमा सशक्त भूमिका निर्वाह गरेका वा सङ्घीयताबारे लेख्न सक्ने डा. कृष्ण हाछेथु, श्याम श्रेष्ठलगायत धेरै बुद्धिजीवीहरू छुटेको पनि पाइयो वा तिनका विचारलाई कमै मात्र समेटियो । उनीहरू आफै अघि सरेर लेख नपठाएको भए अन्तर्वार्ता लिएर समेत विचारहरू छाप्न सकिन्थ्यो । यद्यपि विद्युतीय सञ्चारमाध्यमहरूले नेवार समुदायका त्यस्ता धेरै व्यक्तिहरूलाई समेटेका थिए । सङ्घीयता, भाषानीति र नेवाः राज्यका सन्दर्भमा *सन्ध्याटाइम्स*मा चलाइएको बहस हुनुपर्ने जति सशक्त ढङ्गमा अगाडि बढ्न सकेन । यति हुँदाहुँदै

पनि नयाँ नेपालको रेखा कोर्ने विश्वास गरिएको संविधान निर्माणको प्रक्रियामा नेवार समुदायका प्रमुख सवालहरूबारे *सन्ध्याटाइम्स*ले जे-जति बहस चलायो त्यो महत्त्वपूर्ण भने छ, भलै अपर्याप्तै किन नहोस् ।

## धन्यवाद

अनुसन्धानका लागि सामग्री उपलब्ध गराइदिने आशा सफुकुथी, राजा शाक्य, शरद कसाः र नारायण श्रेष्ठलाई धन्यवाद छ । अनुसन्धानका लागि आर्थिक सहयोग गर्ने मार्टिन चौतारी र लेखका विभिन्न मस्यौदा पढी परिमार्जनका लागि सुझाव दिने चौतारीका देवराज हुमागाईं, प्रत्यूष वन्त र हर्षमान महर्जनलाई पनि धन्यवाद छ ।

## सन्दर्भसामग्री

तमोट, काशिनाथ । २०६३ । नेवार भूमिका रूपमा नेपालमण्डल । *हसना* म्यागेजिन २(१०) : २३ ।

प्रधान, मुक्ति । सन् २००९ । नेवाः राज्यको घोषणा राजनैतिक व वैचारिक महत्त्व (नेवाः राज्यको घोषणा राजनैतिक र वैचारिक महत्त्व) । *सन्ध्याटाइम्स,* २ डिसेम्बर, पृ. ३ ।

मल्ल, के. सुन्दर । सन् २०१० । नेवाः प्रदेश मुक्कं नकारात्मक जक मखु (नेवाः प्रदेश सम्पूर्ण रूपमा नकारात्मक मात्रै होइन) । *सन्ध्याटाइम्स,* १९ फेब्रुअरी, पृ. ३ ।

महर्जन, बसन्त । २०५४ । नेवाः राष्ट्रिय आन्दोलन-सहलह गोष्ठी (नेवार राष्ट्रिय आन्दोलन-छलफल गोष्ठी) । *विश्वभूमि,* ३०-३१ वैशाख, पृ. ३ ।

महर्जन, श्रीकृष्ण । सन् २०१० । ब्राह्मणवादी भाषानीति । *सन्ध्याटाइम्स,* १५ नोभेम्बर, पृ. ३ ।

मानन्धर, सुरेश । सन् २००८ । गणतन्त्रयात स्वयेगु नेवाः मिखा (गणतन्त्रलाई हेर्ने नेवार आँखा) । *सन्ध्याटाइम्स,* ३० मे, पृ. २ ।

लाकौल, बैकुण्ठप्रसाद, सं. । ने.सं. १०९२ । *बुद्धधर्म व नेपालभाषा मुना* । काठमाडौं : सम्पादक स्वयं ।

लामा, सङ्गीता । २०५८ । भाषा विवाद मध्यम मार्ग नै बेस । *छापामा जनजाति* । प्रत्यूष वन्त, कुमार यात्रु र भास्कर गौतम, सं., पृ. २६५-२६८ । काठमाडौं : एकता बुक्स ।

शाक्य, केशवमान । सन् २०१० । न्हाय् ध्यनाः सर्गः खंगु नेवाः स्वायत्त प्रदेश (धोती फुस्केको नेवाः स्वायत्त प्रदेश) । *सन्ध्याटाइम्स,* ८ मार्च, पृ. ३ ।

शाक्य, नरेशवीर । सन् २००८क । प्रचण्डया ब्राह्मणवादी चरित्र (प्रचण्डको ब्राह्मणवादी चरित्र) । *सन्ध्याटाइम्स,* १७ जुलाई, पृ. २ ।

शाक्य, नरेशवीर । सन् २००८ख । नेपाः राष्ट्रिय पार्टीया रोष्टम घेराउ (नेपाः राष्ट्रिय पार्टीको रोष्टम घेराउ) । *सन्ध्याटाइम्स,* ८ अगष्ट, पृ. २ ।

शाक्य, सानुराजा । सन् २०१० । नेवा: प्रदेशया लागा सम्बन्धय् (नेवा: प्रदेशको क्षेत्रफलका सम्बन्धमा) । *सन्ध्याटाइम्स,* २५ जनवरी, पृ. २ ।

शाक्य, सुरेन । सन् २०१०क । नेवा: राज्यया लागा : भावी पुस्ताया न्ह्यस: (नेवा: क्षेत्रको भूभाग : भावी पुस्ताको प्रश्न) । *सन्ध्याटाइम्स,* ११ फेब्रुअरी, पृ. ३ ।

शाक्य, सुरेन । सन् २०१०ख । नेवा: राज्य लागाया खँय् (नेवा: राज्य भूभागका सम्बन्धमा) । *सन्ध्याटाइम्स,* ५ मार्च, पृ. ३ ।

श्रेष्ठ, राजेन्द्र । सन् २०१०क । सङ्घीय गणतन्त्रय् नेवा: प्रदेश (सङ्घीय गणतन्त्रय् नेवा: प्रदेश) । *सन्ध्याटाइम्स,* १३ जनवरी, पृ. ३ ।

श्रेष्ठ, राजेन्द्र । सन् २०१०ख । नेवा: प्रदेशया संरचनासम्बन्धी बहस । *सन्ध्याटाइम्स,* १८ जनवरी, पृ. ३ ।

सन्ध्याटाइम्स । सन् २००८क । सङ्घीय गणतन्त्र नेपा:या अर्थ (सङ्घीय गणतन्त्र नेपालको अर्थ) । २९ मे, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २००८ख । थनिंनिसें मंका: नेवा: सङ्घर्ष (आजबाट संयुक्त नेवार सङ्घर्ष) । २२ डिसेम्वर, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २००८ग । थौँया इलय् सङ्घीय व्यवस्थाया विरोध (आजको समयमा सङ्घीय व्यवस्थाको विरोध; सम्पादकीय) । २९ सेप्टेम्बर, पृ. २ ।

सन्ध्याटाइम्स । सन् २००८घ । नेवा: स्वायत्त राज्य मबीगु ग्वसा: ? (नेवार स्वायत्त राज्य नदिने योजना ?) । १६ जुलाई, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २००९क । संविधानसभाया सामाजिक व सांस्कृतिक मूल्य निर्धारण समितिया भाषा विवाद (संविधानसभाको सामाजिक र सांस्कृतिक मूल्य निर्धारण समितिमा भाषा विवाद) । १७ जुन, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २००९ख । सम्पर्क भाषाया खँय् थनिंनिसें बहस (सम्पर्क भाषाका सवालमा आजदेखि बहस) । २५ जनवरी, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २००९ग । न हिन्दी न खस नेपाली (सम्पादकीय) । १५ जुन, पृ. २ ।

सन्ध्याटाइम्स । सन् २००९घ । छगू जक भासं विज्ञापनया विरोध (एउटा मात्र भाषामा विज्ञापनको विरोध) । १५ जनवरी, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २००९ङ । नेवा: प्रदेश केन्द्र शासित जुइमखु : प्रचण्ड (नेवा: प्रदेश केन्द्र शासित हुन्न : प्रचण्ड) । २५ अक्टोबर, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २००९च । जातीय सङ्घयात राष्ट्रपतिया विरोध (जातीय सङ्घमा राष्ट्रपतिको विरोध) । १० अगष्ट, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २०१०क । भाषाया खँय् आयोग दयेकीगु (भाषाका सवालमा आयोग बनाइने) । २ नोभेम्बर, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २०१०ख । भाषानीतिया खँय् चिलावंपिं पार्टीत (भाषानीतिका मामिलामा पन्छिएका पार्टीहरू; सम्पादकीय) । ३ नोभेम्बर, पृ. २ ।

सन्ध्याटाइम्स । सन् २०१०ग । न्हूगु नेपाःया पुलांगु हे भाषानीति (नयाँ नेपालको पुरानै भाषानीति; सम्पादकीय) । १४ नोभेम्बर, पृ. २ ।

सन्ध्याटाइम्स । सन् २०१०घ । नेवाः-तामाङ प्रदेश अस्वीकार । ४ जनवरी, पृ. १ ।

सन्ध्याटाइम्स । सन् २०१०ङ । नेवाः व ताम्सालिङको संयुक्त प्रदेश प्रस्ताव (नेवाः र ताम्सालिङको संयुक्त प्रदेश प्रस्ताव; सम्पादकीय) । ४ जनवरी, पृ. २ ।

सर्वहारी, कृष्णराज । २०६४ । थारू पत्रपत्रिकाको विगत र वर्तमान । *मिडिया अध्ययन* २ : १-३३ ।

साय्मि, विनोद । सन् २००९ । नेपालमण्डलया लागा दुवाला (नेपालमण्डलको भूभागमाथि सर्वेक्षण) । *सन्ध्याटाइम्स,* १३-१७ जुलाई, पृ. ३ ।

साय्मि, विनोद । सन् २०१० । नेपालमण्डलया म्ह व ल्हाःतुति त्वाःल्हायेगु कुतः (नेपालमण्डलको शरीर र हातखुटा भाँच्ने प्रयास) । *सन्ध्याटाइम्स,* १७ र १८ फेब्रुअरी, पृ. ३ ।

हृदय, चित्तधर । ने.स. ११०२ । *झीगु साहित्य* (द्वितीय संस्करण) । काठमाडौँ : नेपालभाषा परिषद् ।




**चौतारी पुस्तक शृङ्खला - ६१**

नेपालको लोकतान्त्रिक भविष्यका निम्ति नेपाली सेनामाथि नागरिक नियन्त्रणको प्रश्न किन महत्त्वपूर्ण छ र विगतमा नागरिक नियन्त्रण कायम गर्नेतर्फ पर्याप्त ध्यान नपुग्दा के-कस्ता दुष्परिणाम देखिए भन्ने दुई मूल विषयको सेरोफेरोमा यो पुस्तक केन्द्रित छ । नागरिक-सेना सम्बन्ध; सैन्य राजनीति र राजतन्त्र; माओवादीसँगको युद्ध; तथा पुनःसंरचनाका मुद्दा गरी चार खण्डमा विभाजित यस पुस्तकले नेपाली सेना, यसको चरित्र, ऐतिहासिक मोडहरू, नागरिक नियन्त्रण र समायोजनका मुद्दालगायत माओवादी सेना, यसको चरित्र र ऐतिहासिक मोडहरूबारे पनि प्रकाश पार्छ । उल्लिखित विषयअतिरिक्त नेपालको सुरक्षा र लोकतान्त्रिक भविष्यबारे चासो, चिन्ता राख्नेहरूलाई यो पुस्तक उपयोगी हुनेछ ।